म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १६७ २०८३ वैशाख २७ गते आइतबार 10 May 2026, Sunday पृष्ठ ४ मूल्य रू. ५/-

## अनलाइनबाटै बजेटमा सुझाव माग

हेटौंडा : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आगामी आर्थिक वर्षको बजेट र नीति तथा कार्यक्रमबारे ‘सुझाव संकलन पोर्टल’ सञ्चालनमा ल्याएको छ। सोमबार सार्वजनिक हुने नीति तथा कार्यक्रम र जेठ १५ मा ल्याउने बजेटमा आमनागरिकका सुझावको प्रत्यक्ष सहभागिता सुनिश्चित गर्न डिजिटल प्लेटफर्मको सुरुआत गरिएको प्रधानमन्त्री बालेन्द्र शाहको सचिवालयले जनाएको छ। यस पोर्टलका माध्यमबाट देशविदेशमा रहेका नेपाली नागरिक, विषय विज्ञ र नीति-निर्माताले बजेट निर्माण तथा विकासका प्राथमिकताबारे सिधै रायसुझाव दिनसक्ने प्रधानमन्त्री बालेनकी प्रेस तथा अनुसन्धान विज्ञ दीपा दाहालले बताइन् । उनले सरकारको नीतिनिर्माण प्रक्रियालाई प्रशासनिक घेरामा मात्र सीमित नराखी आमजनताको भावना र विज्ञतालाई कदर गर्ने प्रधानमन्त्रीको मुख्य योजनाअनुरूप यो कदम चालिएको बताइन् । यो पोर्टलले नागरिक र राज्यबीचको दूरी मेटाउँदै सुशासनको नयाँ अभ्यास स्थापित गर्ने प्रधानमन्त्रीको सचिवालयको दावी छ। जनताले पोर्टलमा दिएका आफ्ना सुझावको पछिल्लो अवस्था र सरकारले चालेको कदमका बारेमा जानकारी लिन सकिने गरी ‘सुझाव ट्र्याक’ गर्ने विशेष सुविधा यस प्रणालीमा समावेश गरिएको विज्ञ सल्लाहकार दाहालले बताइन् ।

# थाहा नगरपालिकाको १९ विद्यालयमा महिला प्रधानाध्यापक

सुमिना चौलागाईं

हेटौंडा : मकवानपुरको थाहा नगरपालिकाका विद्यालयको नेतृत्वमा महिलाको सहभागिता क्रमश: बढिरहेको देखिन्छ । विद्यालयहरुमा महिला शिक्षकको संख्या बढ्दै जाँदा ग्रामीण तथा विकट क्षेत्रमा समेत महिलाले प्रधानाध्यापक (प्रअ) को जिम्मेवारी सम्हाल्नुलाई सकारात्मक परिवर्तन मान्नुपर्छ ।

धेरै विद्यालयमा अझै पनि शिक्षक दरबन्दी, भवन अभाव, खेलमैदान, डेक्सबेन्च तथा शैक्षिक सामग्रीको कमीजस्ता समस्या रहेका छन् । पालिकाभित्र रहेका ५३ वटा सामुदायिक विद्यालयतर्फ २ मावि, एक निमावि, ११ वटा प्राविमा र ३ वटा बाल कक्षामा महिला प्रधानाध्यापक रहनुभएको छ। यस्तै, ११ वटा संस्थागत विद्यालय रहेकोमा एक मावि, एक आवि र एक बाल कक्षा महिला प्रधानाध्यापकहरुले संचालन गरिरहनुभएको छ । शिक्षा शाखा अधिकृत माधव विक्रम मल्लका अनुसार पालिकाभित्र रहेका सामुदायिक र संस्थागत गरी ६४ वटा विद्यालयमध्ये १९ वटा विद्यालयहरु महिला नेतृत्वमा सञ्चालन हुँदै आएका छन् ।

थाहा नगरपालिका-५, तसरमा रहेको दुर्गादेवी माध्यमिक विद्यालयको प्रधानाध्यापकमा कल्पना रावल रहनुभएको छ। एक वर्षदेखि शिक्षण पेशामा आबद्ध रावल ५ महिनादेखि विद्यालयमा प्रअको जिम्मेवारी सम्हालिरहेको बताउनुहुन्छ । गत वर्षदेखि ९ र यस वर्षदेखि १० कक्षा सञ्चालन भएको विद्यालयमा शिक्षक दरबन्दी कम भएको उहाँ बताउनुहुन्छ । विद्यालयमा संघीय अनुदानको दुईजना मावि शिक्षक र दुई जना निमावि शिक्षक रहनुभएको छ। बाँकी प्रावि तहका शिक्षकहरूले मावि तहमा पठनपाठन गराउनुपर्ने अवस्था रहेको प्रअ रावलले बताउनुभयो ।

चालु शैक्षिक सत्रमा आइतबार पनि पठनपाठन बन्द भएका कारण विद्यार्थीलाई कोर्स सकाउन गाह्रो पर्ने उहाँले बताउनुभएको छ। वर्षे बिदा

**महिला प्रधानाध्यापकको जिम्मेवारी सम्हालिरहँदा समाजबाट के गर्न सक्छ र भन्ने जस्ता कुराहरु धेरै आएको उहाँको भनाइ छ । संस्थागत विद्यालयलाई पालिकाले खासै वास्ता नगर्ने र तालिम कार्यक्रमका लागि आएका सूचनाहरु पनि विद्यालयसम्म प्राप्त नहुने गरेको बताउनुहुन्छ ।**

कट्टा गराएर पठनपाठन गराउने सरकारको निर्णयले विद्यालयलाई र विद्यार्थीलाई असर गर्ने उहाँको भनाइ छ । भौगोलिक विकटताका कारण वर्षाका समयमा विद्यार्थी विद्यालय आउन सक्ने अवस्था नहुने कारण वर्षे बिदा कटौती गर्दा विद्यार्थी संख्या कम हुन जाने उहाँले बताउनुभयो । विद्यालयमा भवनको पनि आवश्यकता रहेको उहाँको भनाइ छ ।

थाहा नगरपालिका-२, पालुङस्थित पालुङ अंग्रेजी आवासीय माध्यमिक विद्यालयको प्रधानाध्यापक जुनु उप्रेती हुनुहुन्छ। उहाँले २०७६ सालदेखि प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्दै आउनुभएको छ । १७ वर्षदेखि शिक्षण पेशामा आबद्ध उप्रेतीले २ वर्षमात्रै सामुदायिक विद्यालयमा अध्यापन गराउनुभएको थियो । महिला प्रधानाध्यापकको जिम्मेवारी सम्हालिरहँदा समाजबाट के गर्न सक्छ र भन्ने जस्ता कुराहरु धेरै आएको उहाँको भनाइ छ । संस्थागत विद्यालयलाई पालिकाले खासै वास्ता नगर्ने र तालिम कार्यक्रमका लागि आएका सूचनाहरू पनि विद्यालयसम्म प्राप्त नहुने गरेको बताउनुहुन्छ ।

१० कक्षासम्म पठनपाठन हुने विद्यालयमा यस वर्ष २७५ जना विद्यार्थी भर्ना भएका छन् । २०८२ सालमा २८० जना विद्यार्थी भर्ना भएका थिए । २०८२ सालको एसईईमा सात जना विद्यार्थी सहभागी भएका छन् । यस वर्ष १० कक्षामा १० जना विद्यार्थी अध्ययनरत छन्। विद्यालयलाई हाल डेक्सबेन्च र खेलकुदको लागि चौरको आवश्यकता भएको उहाँ बताउनुहुन्छ ।

थाहा नगरपालिका-६, थाहाचोकस्थित बज्रबाराही माध्यमिक विद्यालयको निमित्त प्रअमा सञ्जिता पाठक रहनुभएको छ । सहायक प्रधानाध्यापकको जिम्मेवारी समाल्दै आउनुभएकी पाठक चैत १९ गतेबाट प्रअमा नियुक्त हुनुभएको हो। २०७२ सालमा स्थायी शिक्षक नियुक्त हुनुभएको पाठक २०७९ सालदेखि बज्रवाराही माविमा अध्यापन गर्दै आउनुभएको थियो । उहाँले २०८० सालदेखि बज्रबाराही माविमा सहायक प्रअको जिम्मेवारी समाल्नुभएको थियो । प्रअ पाठकका अनुसार आगामी दिनमा पाठ्यक्रम एकीकृत गर्ने र विद्यार्थी अनुशासन कायम राख्ने बताउनु हुन्छ ।

विद्यालयले अंग्रेजी माध्यमलाई व्यवस्थापन गर्ने (ग्रेड टिचिङ्ग), एकीकृत पाठ्क्रम, परीक्षा अघि ७० प्रतिशत हाजिर अनिवार्य गराउने, अभिभावकलाई अभिमुखीकरण सञ्चालन गर्ने, सिसिटिभी क्यामरा जडान गर्नेलगायतका योजना रहेको बताउनुभयो । अभिभावकलाई बोलाएर महिनामा एक पटक विद्यार्थीको पढाई, नतिजालगायतका बारेमा जानकारी गराउने र विद्यार्थी र विद्यालयप्रति चासो जगाउन अभिमुखीकरण गर्ने उहाँको भनाइ छ।

१२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा यस शैक्षिक सत्रमा हालसम्म ३५० जना विद्यार्थी भर्ना भएका छन् । २०८२ सालको एसईईमा विद्यालयबाट ३८ जना विद्यार्थी सहभागी भएका छन्। यस्तै २०८१ सालको एसईईमा ६५ प्रतिशत नतिजा हासिल गर्दै विद्यालय नगर प्रथम भएको थियो। विद्यालयमा शिक्षक दरबन्दी राम्रै रहेको छ । विद्यायलमा मावितर्फ ६ जना र निमावि तर्फ ५ जना (स्थायी ३ र राहत २) जना शिक्षक दरवन्दी रहेको प्रअ पाठकले बताउनुभयो ।

नगरपालिकाका विभिन्न वडामा रहेका अन्य प्राथमिक तथा आधारभूत विद्यालयहरू पनि महिला नेतृत्वमा सञ्चालन भइरहेका छन् । थाहा नगरपालिका-१, खानीगाउँको कालीदेवी प्राथमिक विद्यालयमा कल्पना सिंह ठकुरी र टाहाखेलको पञ्चकन्या प्राथमिक विद्यालयमा संगीता रुम्बा प्रधानाध्यापक रहनुभएको छ । त्यस्तै, थाहा-२, फाँटबजारको दीपज्योति इङ्लिस बोर्डिङ स्कुलमा सन्जिता बस्नेत, पालुङ अङ्गेजी आवासीय माध्यमिक विद्यालयमा जुनु उप्रेती र भाङखोरियास्थित मङ्गलेश्वर प्राथमिक विद्यालयमा लक्ष्मी रहनुभएको छ ।

थाहा-३, शिखरकोटमा रहेको माइलस्टोन मन्टेश्वरी प्रि-स्कुल रुना खत्री र सेतीगणेश आधारभूत विद्यालय उर्मिला गोपालीले विद्यालय सञ्चालन गर्नुभएको छ । यसैगरी, थाहा-४ मा रहेको रुप्सेको महाङ्काल प्राथमिक विद्यालयमा सस्मिता बल, ठूलो मार्खुको बालकुमारी प्राथमिक विद्यालयमा कोपिला भेटवाल, दामनस्थित ऋषेश्वर प्राथमिक विद्यालयमा ममता थिङ, थाहा-५, ठूलो फाखेलको कल्याण प्राथमिक विद्यालयमा सुजाता थिङले विद्यालयमा प्रधानाध्यापकको जिम्मेवारी वहन गर्दै आउनुभएको छ ।

थाहा-६, पालुङको गणेश प्राथमिक विद्यालयमा मनदेवी बलामी, बुढीचौरको उदय प्राथमिक विद्यालयमा तुलसा न्यौपाने, थाहा-८, बाहुनगाउँस्थित काला गणेश प्राथमिक विद्यालयमा गीता सापकोटा, थाहा-९, कखुवीर्तास्थित जलदेवी प्राथमिक विद्यालयमा प्रतिमा लामिछाने, टोटासीस्थित महालक्ष्मी प्राथमिक विद्यालय उषा श्रेष्ठ, थाहा-११, नागछेडास्थित जनता प्राथमिक विद्यालयमा लक्ष्मी धामी, दोभान खोलास्थित टिस्टुङ देउराली प्राथमिक विद्यालयमा सुन्नती माया बलको नेतृत्वमा शैक्षिक गतिविधि सञ्चालन भइरहेको छ ।

# सुकुम्बासीलाई घरबारविहीन बनाउने काम स्वीकार्य हुँदैन : हर्क साम्पाङ

समाज संवाददाता

हेटौंडा : हेटौंडा-११, थानाभन्याङस्थित सिमलटार बस्ती शनिबार असामान्य रूपमा चहलपहलपूर्ण थियो । बिहान ८ बजेदेखि स्थानीय भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समुदायका मानिसहरू जम्मा भइरहेका थिए । पछिल्लो समय देशका विभिन्न ठाउँमा ऐलानी जग्गा, अव्यवस्थित बसोबास र सुकुम्बासी बस्ती हटाउने विषयले बहस चर्किरहेका बेला श्रम संस्कृति पार्टीका अध्यक्ष तथा प्रतिनिधि सभा सदस्य हर्क साम्पाङ हेटौंडा-११ थानाभन्याङ पुग्नुभएको थियो । हर्क साम्पाङले स्थानीय बासिन्दाको समस्या बुझ्दै आफू ‘जनताको पक्षमा उभिने’ प्रतिवद्धता दोहोऱ्याउनुभयो ।



हेटौंडा-११ का भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समुदायसँगको भेटघाट कार्यक्रममा बोल्दै हर्क साम्पाङ ।

साम्पाङले आफू स्पष्ट रूपमा ‘जनतालाई बेघर बनाउनु हुँदैन’ भन्ने पक्षमा रहेको बताउनुभयो । प्रतिनिधिसभाको पहिलो बैठकमै सुकुम्बासी र अव्यवस्थित बसोबासीको मुद्दा उठाएको स्मरण गर्नुहुँदै उहाँले सरकारका गलत कामविरुद्ध खबरदारी गरिरहने बताउनुभयो । ‘घर बनाएर बस्न पाउनु जनताको मौलिक अधिकार हो’, उहाँले भन्नुभयो, ‘राज्यले आतंक फैलाउने शैलीमा आएर घर भत्काउनु हुँदैन ।’ उहाँले मेचीदेखि महाकालीसम्मका नागरिकलाई जनताको बासस्थानको अधिकारका लागि एकजुट हुन आग्रह गर्नुभयो ।

मकवानपुरमा हालसम्म ९६० जना भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरिसकेका छन् । तर हजारौं परिवार अझै प्रतीक्षामा छन् । कतिपय स्थानमा पुर्जा वितरणको प्रक्रिया अन्तिम चरणमा पुगे पनि धेरै बस्ती अझै प्रमाणीकरण, अध्ययन र निर्णयको पर्खाइमा छन् ।

कार्यक्रममा उपस्थित हेटौंडा-१३, वनस्पतिका विजय जिम्बाले पछिल्लो समय डोजर अभियानको शैलीप्रति तीव्र असन्तुष्टि व्यक्त गर्नुभयो । उहाँका अनुसार देशभरि अव्यवस्थित बसोबासी र सुकुम्बासी समुदायलाई एउटै दृष्टिले हेरेर घर भत्काउने काम भइरहेको छ । स्थानीय रोशन योञ्जनले आफूहरूलाई राज्यले ‘भूमिहीन’, ‘सुकुम्बासी’ र ‘अव्यवस्थित’ भनेर वर्गीकरण गरे पनि नागरिकको रूपमा बाँच्न पाउने अधिकार भने समान रहेको बताउनुभयो । ‘हामी पनि यही राज्यका नागरिक हौं’, उहाँले भन्नुभयो, ‘हामीलाई पनि सम्मानपूर्वक बस्न पाउने अधिकार छ ।’ हर्क साम्पाङले संसद्भित्र आफ्नो आवाज उठाइदिने आशा जोडिएको बताउनुभयो ।

नेपाल भूमिहीन बस्ती संरक्षण समितिका अध्यक्ष कमल परियारले संविधान र सरकारले ल्याएको अध्यादेशकै भावना विपरित स्थानीय प्रशासनले सूचना जारी गरेर जनतालाई भयभित बनाएको आरोप लगाउनुभयो । उहाँले संविधानको धारा १६, ३७, ४० र ५५ उल्लेख गर्दै प्रत्येक नागरिकलाई बसोबासको अधिकार रहेको बताउनुभयो । ‘सचिवस्तरीय निर्णयका आधारमा जनतालाई उठिबास लगाउने अधिकार कसैलाई छैन’, उहाँले भन्नुभयो ।




## “आइतबारको बिदा र विद्यालय व्यवस्थापन”
# स्थानीय तहले नै निर्णय गर्नुपर्छ

समाज संवाददाता

हेटौंडा : मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले आइतबारको बिदाका कारण विद्यालयको शैक्षिक क्यालेन्डर र पाठ्यक्रम (कोर्स) प्रभावित हुन नदिन स्थानीय तहहरुले ठोस योजना बनाउनुपर्ने बताएका छन्। सरकारले परीक्षणका रुपमा लागू गरेको हप्ताको दुई दिन बिदाको निर्णय र विद्यालय क्षेत्रमा पारेको प्रभावबारे सम्बन्धित स्थानीय तहले नै निर्णय गरेर अघि बढ्नु पर्ने उनले बताए ।

प्रजिअ अधिकारीका अनुसार शिक्षा मन्त्रालयले अहिले वार्षिक बिदाहरु कटौती गर्ने र पाठ्यक्रमलाई कसरी व्यवस्थापन गर्ने भन्नेबारे गृहकार्य गरिरहेको छ । गत आइतबार जिल्लाका केही विद्यालय खुलेका र केही बन्द रहेका कारण अन्योल सिर्जना भएको थियो । आगामी दिनमा यस्तो अन्योल हटाउन शिक्षा शाखा र स्थानीय तहका प्रमुखहरुसँग समन्वय भइरहेको समेत प्रजिअ अधिकारीले बताए । ‘आइतबारको समयलाई खेलकुद वा अतिरिक्त क्रियाकलापमा प्रयोग गर्ने वा विद्यालय नै सञ्चालन गर्ने भन्ने विषयमा शिक्षा मन्त्रालयको स्पष्ट निर्देशन आउन बाँकी छ। तर स्थानीय तहले आफ्नो क्षेत्रभित्रका सरोकारवालाहरुसँग छलफल गरी व्यावहारिक निर्णय लिन सक्छन् ।’ उनले भने ।

उनले सरकारी विद्यालय बन्द हुने र निजी विद्यालय खुल्ने अवस्था आउनु राम्रो नभएको बताए । उक्त विषयमा जिल्लाभित्रका १० वटा स्थानीय तह र हेटौंडा उपमहानगर पालिकाबीच बाँकी पृष्ठ ३ मा...



# सम्पादकीय

## सुकुम्बासी समस्या समाधान

संघीय सरकारले काठमाडौंको नदी किनार अतिक्रमण गरी बनाइएका घरटहरा भत्काएपछि अहिले देशभर सुकुम्बासीको विषयले चर्चा पाइरहेको छ । सरकारले काठमाडौंको नदी किनारका हजारौं घर टहरा भत्काएपछि देशका अन्यत्र पनि अतिक्रमण गरेर बनाइएका घरटहरा भत्काउने डरले धेरैको निद्रा हराएको छ । सरकारी, सार्वजनिक, ऐलानी जग्गामा बसोबास गर्दै आएका विभिन्न जिल्लाका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले सरकारको विरोधमा नाराजुलुस समेत गरेका छन् । यही बेला नयाँ–पुराना राजनीतिक दलहरु सुकुम्बासीलाई उक्साउन र फकाउन थालेका छन् । सरकारले सुकुम्बासीको व्यवस्थापन नगरी घरटहरा भत्कायो, सुकुम्बासीलाई बिचल्ली बनायो, अन्यत्र पनि सुकुम्बासीलाई सरकारले लखेट्न सक्छ, सबै सुकुम्बासी एकजुट भएर सरकारको बिरोध गर्नुपर्छ । हामी सुकुम्बासीको पक्षमा छौं भन्दै सुकुम्बासीलाई आफ्नो दलप्रति आकर्षित गर्न आश्वासन दिइरहेका छन् ।

सरकारले नदी किनारको सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका घर टहरा भत्काएको निरन्तर बिरोध गर्दै आएका श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले हेटौंडा–११ को सुकुम्बासी बस्तीमै पुगेर सुकुम्बासीलाई आश्वासन दिएका छन् । सुकुम्बासीको उचित व्यवस्थापन गर्नुपर्ने सरकारले उनीहरुलाई घरबारविहीन बनाउन लागेको आरोप साम्पाङले लगाएका छन् । उनले सुकुम्बासीको अधिकारका लागि र नागरिकलाई घरबारविहीन बनाउने कदमविरुद्ध एकजुट हुन आग्रह गर्दै आफू सधैं साथमा रहने बताएका छन् । कांग्रेस, एमाले, माओवादीलगायत दलका कतिपय नेताले पनि सुकुम्बासीप्रति सहानुभूति जनाउँदै उनीहरुलाई उक्साइरहेका छन् । सरकारले सुकुम्बासी समस्या समाधान गर्नुको साटो बन्दुकको आडमा उनीहरुको बास खोसेको आरोप लगाउँदै सुकुम्बासीको हक अधिकारका लागि आफूहरु लड्दै आएको र अब पनि लड्नेजस्ता विचार व्यक्त गर्दैछन् ।

देशभर दशौं लाख घर परिवार सुकुम्बासी र अव्यवस्थित बसोबास गर्दै आएको अनुमान छ । मकवानपुर जिल्लामा मात्र २८ हजार ८०१ जनाले सुकुम्बासी समस्या समाधान आयोगसमक्ष निवेदन दिएका छन् । भूमिहीन दलित ४७१, भूमिहीन सुकुम्बासी ३ हजार ५८९ र अव्यवस्थित बसोबासी २४ हजार ७३७ जनाले जग्गा र लालपुर्जा पाउन निवेदन दिएका हुन् । हेटौंडा उपमहानगरपालिकामा ६ हजार १२४ जना र थाहा नगरपालिकामा एक हजार २५२ जना भूमिहीन र अव्यवस्थित बसोबासी छन् । बागमतीमा २ हजार २०८, बकैयामा ८ हजार ८१३, भीमफेदीमा ७७२, इन्द्रसरोवरमा १३५, कैलाशमा ५४२, मकवानपुरगढीमा २४३, मनहरीमा ८ हजार ३३५ र राक्सिराङमा ३३१ जना भूमिहीन तथा अव्यवस्थित बसोबासी रहेका छन् । हालसम्म मकवानपुरमा ९६० परिवारलाई जग्गाको लालपूर्जा प्रदान गरिएको छ ।

जन्मँदै भूमिहीन रहेका, विभिन्न प्रकोप वा अन्य कारण भूमिहीन भएकाहरुलाई सरकारले बसोबासका लागि जमिन वा घर उपलब्ध गराउनुपर्छ । दशकौंदेखि ऐलानी जमिनमा खेतीपाती तथा बसोबास गर्दै आएका अव्यवस्थित बसोबासीहरु साँच्चै अन्यत्र घरजग्गा नभएका हुन् भने उनीहरुको उचित व्यवस्थापनमा पनि सरकार सकारात्मक बन्नुपर्छ । अन्यत्र घरजग्गा भएर पनि ऐलानी वा सार्वजनिक जग्गा अतिक्रमण गरेर बनाइएका संरचनालाई भने सरकारले हटाउनु नै उचित हुनेछ । विशेषगरी सडक (राजमार्ग) र खोलानालाको दायाँबायाँ अतिक्रमण गरी बनाइएका संरचना हटाएर वन तथा सरकारी निकायका जग्गा पनि अतिक्रमणमुक्त बनाउन आवश्यक छ । सुकुम्बासीलाई अनेकौं आश्वासन दिएर उक्साउने काम गर्दा यो समस्या झन् जटिल बन्न सक्ने तथ्यलाई राजनीतिक दलहरुले मनन गर्नुपर्छ । वास्तविक सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि सरकारलाई दबाब दिनुका साथै अतिक्रमित जग्गा खाली गराउन राजनीतिक दलहरुले सहयोग गर्नु उचित हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार १११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा–८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : कर्तव्यप्रति जिम्मेवारी बढ्ने समय छ । |
| **वृष** | : आफूभन्दा ठुलाले भनेको मान्नुपर्दछ । |
| **मिथुन** | : अप्ठ्यारो मार्गमा अघि बढ्न सकिएला । |
| **कर्कट** | : शरीर स्वस्थ रहने समयको योग छ । |
| **सिंह** | : मनमा शान्ति र सन्तोषको अनुभूति बढ्नेछ । |
| **कन्या** | : भावुक र संवेदनशील बनिने छ । |
| **तुला** | : आक्रामक व्यवहारले गलत धारणा बढ्ला । |
| **वृश्चिक** | : बन्धुबान्धवबाट सुख प्राप्त हुने समय योग छ । |
| **धनु** | : व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ । |
| **मकर** | : निर्णय क्षमतामा वृद्धि हुने समय योग छ । |
| **कुम्भ** | : परिबन्ध र बाध्यताका काममा समय बित्ला । |
| **मीन** | : सहकर्मीको सहयोग प्राप्त हुन सक्छ । |

# 'हेटौंडाको खुल्ला स्थान हुप्रचौर'
# संरचना होइन, संरक्षण आवश्यक

हेटौंडाको अत्यन्त संवेदनशील र जनचासोको विषय बनेको हुप्रचौर पछिल्ला दिनमा पुनः बहसको केन्द्रमा आएको छ । स्थानीय सरकारले हुप्रचौर क्षेत्रमा स्थायी संरचना निर्माणका लागि प्रतिक्षालय बनाउने कार्य अघि बढाएपछि स्थानीयवासीले यसको विरोधमा आवाज उठाइरहेका छन् । यस विषयमा हस्ताक्षर अभियानसमेत सञ्चालन भइसकेको छ । यो विवाद केवल एउटा निर्माण योजनाको विषय मात्र नभई, यो हेटौंडाको भविष्य, सार्वजनिक सम्पत्तिको उपयोग, सहरी व्यवस्थापन र नागरिक अधिकारसँग प्रत्यक्ष रूपमा जोडिएको प्रश्न हो ।

हुप्रचौर केवल एउटा खाली जमिन होइन, यो हेटौंडाको मुटु हो । शहरको बीचभागमा रहेको यस्तो खुला क्षेत्र हेटौंडावासीको साझा सम्पत्ति हो, जहाँ बिहान बेलुका मानिसहरू स्वास्थ्यका लागि हिँड्न आउँछन्, दौडिन्छन्, बालबालिकाहरू खेल्छन्, युवाहरू खेलकुद गर्छन् र ज्येष्ठ नागरिकहरू भेटघाट तथा विश्राम गर्छन् । आजको व्यस्त र तनावपूर्ण जीवनमा यस्ता खुला स्थानको महत्व झन् बढेको छ । मानिसहरू मानसिक तनाव, प्रदूषण, अव्यवस्थित जीवनशैली र सीमित सामाजिक सम्पर्कबाट प्रभावित भइरहेका बेला खुला तथा हरियालीयुक्त स्थान विलासिता होइन, आवश्यकता बनेको छ ।

विश्वका विकसित शहरहरूले सार्वजनिक खुला क्षेत्रको महत्व धेरै पहिल्यै बुझेका छन् । अमेरिकाको सेन्ट्रल पार्क केवल एउटा बगैँचा होइन, त्यो लाखौँ नागरिकको स्वास्थ्य, मनोरञ्जन र सामाजिक सम्बन्धको केन्द्र हो । बेलायतको हाइड पार्क ऐतिहासिक, सामाजिक र साँस्कृतिक जीवनको अभिन्न हिस्सा हो । जापानको हिरोसिमा पिस मेमोरियल पार्क युद्धको पीडा सम्झाउने मात्र होइन, शान्ति, ध्यान, आत्मचिन्तन र मानवताको सन्देश दिने स्थलका रूपमा विकास गरिएको छ ।

यस्तै, गार्डेन वाइ द बे सिंगापुरले अत्यधिक सहरीकरणका बीच पनि हरियालीलाई कसरी आधुनिक शहरको केन्द्रमा राख्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ । उनो पार्क जापानमा नागरिकहरूलाई विश्राम, साँस्कृतिक गतिविधि र पारिवारिक समय बिताउने स्थानका रूपमा स्थापित छ । दक्षिण कोरियाको छेङ्गएचेन क्षेत्रमा पुरानो सडक हटाएर खोल्सो, हरियाली र पैदलमैत्री सार्वजनिक स्थान निर्माण गरिएको थियो, जसले शहरको वातावरण, तापक्रम र नागरिकको जीवनस्तर सुधार गर्‍यो ।

हुप्रचौरलाई यदि साँच्चै विकास गर्ने हो भने त्यहाा स्थायी भवन होइन, घाास रोप्ने, धुलो नियन्त्रण गर्ने, नियमित पानी हाल्ने, वृक्षरोपण गर्ने, पैदलमार्ग बनाउने, खुला व्यायाम क्षेत्र बनाउने, योग तथा ध्यानका लागि क्षेत्र छुट्याउने, बालबालिका र ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गर्ने योजना ल्याइनुपर्छ ।



बिशभ अधिकारी

आज विश्वका धेरै शहरहरू कंक्रिटको अत्यधिक विस्तारबाट थाकिसकेका छन् । त्यसैले अहिलेको प्रवृत्ति खुला क्षेत्रको संरक्षण, वृक्षरोपण, शान्त क्षेत्र निर्माण र नागरिकमैत्री सहरी योजनातर्फ फर्किएको छ । यस्तो समयमा हेटौंडाको केन्द्रभागमा रहेको खुला क्षेत्रलाई स्थायी संरचनाले क्रमशः ढाक्दै जानु दूरदृष्टिविहीन निर्णय देखिन्छ ।

समस्या केवल अहिले बन्न लागेको प्रतिक्षालय मात्र होइन । हुप्रचौरबारे कहिले सटर बनाउने, कहिले अर्को संरचना बनाउने, कहिले अन्य व्यावसायिक वा संस्थागत योजना ल्याउने कुरा सार्वजनिक रूपमा सुनिँदै आएको छ । यसले नागरिकमा स्वाभाविक प्रश्न जन्माएको छ खुला क्षेत्रलाई किन विस्तारै अतिक्रमण गरिँदैछ ? आज एउटा प्रतीक्षालय बन्यो भने भोलि कसैले बालमैत्री संरचना माग्नेछ, अर्कोले पार्किङको माग गर्नेछ, अर्कोले व्यापारिक उपयोगको प्रस्ताव ल्याउनेछ । एकपटक स्थायी संरचनाको ढोका खोलियो भने खुला स्थानको मौलिक स्वरूप समाप्त हुन्छ ।

हुप्रचौरमा स्थायी संरचना बन्न नहुने अर्को महत्वपूर्ण कारण विपद् व्यवस्थापन हो । नेपाल भूकम्पीय जोखिमयुक्त देश हो । भोलि ठूलो भूकम्प वा अन्य विपद् आयो भने बजार क्षेत्रका हजारौँ मानिस कहाँ जम्मा हुने ? आपत्कालीन अवस्थाका लागि शहरभित्र खुला स्थान अत्यावश्यक हुन्छ । त्यसैले यस्ता क्षेत्र केवल खेलकुद वा मनोरञ्जनका लागि मात्र होइनन्, यी नागरिक सुरक्षाका आधार पनि हुन् ।

यस सन्दर्भमा हुप्रचौरलाई शान्ति उद्यानका रूपमा विकास गर्नु अत्यन्त उपयुक्त विकल्प हुन सक्छ । शान्ति उद्यान किन आवश्यक छ भन्ने प्रश्नको उत्तर आजको सामाजिक अवस्थाले नै दिन्छ । आज मानिसहरू अत्यधिक तनाव, मानसिक थकान, सामाजिक एक्लोपन र स्वास्थ्य समस्याबाट जुधिरहेका छन् । शहरमा मानिससँग भवन धेरै छन्, तर शान्त भएर बस्ने स्थान कम छन् । यस्तो अवस्थामा शान्ति उद्यानले मानिसलाई प्रकृतिसँग जोड्ने, ध्यान गर्ने, आत्मचिन्तन गर्ने, परिवारसँग समय बिताउने र मानसिक सन्तुलन कायम राख्ने अवसर दिन्छ ।

शान्ति उद्यान केवल सौन्दर्यको विषय होइन, यो सामाजिक स्वास्थ्यसँग सम्बन्धित अवधारणा हो । यस्तो स्थानमा हरियाली, फूलबारी, पानीको उचित व्यवस्थापन, ध्यानस्थल, योग क्षेत्र, विश्रामस्थल, बालबालिका र ज्येष्ठ नागरिकका लागि खुला क्षेत्र लागि व्यवस्था हुन सक्छ । यसले नागरिकको शारीरिक तथा मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ ।

हुप्रचौरलाई यदि साँच्चै विकास गर्ने हो भने त्यहाँ स्थायी भवन होइन, घाँस रोप्ने, धुलो नियन्त्रण गर्ने, नियमित पानी हाल्ने, वृक्षरोपण गर्ने, पैदलमार्ग बनाउने, खुला व्यायाम क्षेत्र बनाउने, योग तथा ध्यानका लागि क्षेत्र छुट्याउने, बालबालिका र ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गर्ने योजना ल्याइनुपर्छ । यसरी हुप्रचौरलाई हेटौंडाको स्वास्थ्य केन्द्र, सामाजिक अन्तरक्रिया स्थल र शान्त क्षेत्रका रूपमा विकास गर्न सकिन्छ ।

अर्को गम्भीर प्रश्न सार्वजनिक योजना निर्माणसँग सम्बन्धित छ । यदि सभाहलका लागि छुट्टै जग्गा उपलब्ध गराइएको थियो भने हुप्रचौर किन प्रयोग गरियो ? किन यहाँ संरचना बनाइयो ? किन फेरि भत्काइयो ? किन भ्यू टावर बनाउने भनियो ? स्पष्ट दीर्घकालीन योजना बिना सार्वजनिक सम्पत्तिमाथि बारम्बार प्रयोगशाला जस्तो व्यवहार किन गरिन्छ ? यस्ता निर्णयले संस्थागत विश्वसनीयता कमजोर बनाउँछन् ।

हामी विकासविरोधी होइनौँ । विकास आवश्यक छ । तर विकासको नाममा शहरका सीमित खुला क्षेत्र मास्नु विकास होइन । विकास भनेको खुला क्षेत्रलाई अझ व्यवस्थित, हरियालीयुक्त, सुन्दर र जनमैत्री बनाउनु हो । हुप्रचौरलाई उपेक्षित छोड्ने होइन, संरक्षण गर्दै सशक्त बनाउने हो । यसलाई खुला, हरियालीयुक्त, शान्त र सबै नागरिकका लागि उपयोगी सार्वजनिक स्थानका रूपमा जोगाउनु नै हेटौंडाको दीर्घकालीन हितमा छ । हुप्रचौर हेटौंडाको मुटु हो । मुटुमाथि कंक्रिट थपेर शहर स्वस्थ हुँदैन । त्यसैले स्थानीय सरकार र प्रदेश सरकारसँग आग्रह छ हुप्रचौर माथि स्थायी संरचना निर्माणको योजना पुनर्विचार गरियोस् । नागरिकको आवाज सुनियोस् । हुप्रचौर जोगाइयोस् र भावी पुस्ताका लागि खुला राखियोस् । आज खुला स्थान जोगाउन सकिएन भने, भोलि शहरसँग भवन त हुनेछ, तर सास फेर्ने ठाउँ हुनेछैन ।

यस विषयमा सार्वजनिक रूपमा चासो र चिन्ता व्यक्त हुन थालेपछि धेरै स्थानीय अग्रज, दाजुभाइ–दिदीबहिनी तथा सरोकारवालाहरूले हुप्रचौरको भविष्यबारे आफ्नो धारणा राख्नुभएको थियो । स्थानीयवासीहरूको आग्रह र अनुरोधपछि मैले पनि यस विषयलाई गम्भीर रूपमा उठाउने प्रयास गरेको हुँ । यस क्रममा मसँगै सागर लामिछाने, सफल दुत्तराज, कमल मैनाली, दीपक खडका लगायतको टोलीले हुप्रचौरको दीर्घकालीन संरक्षण, सार्वजनिक हित र खुला क्षेत्रको महत्वलाई केन्द्रमा राखेर खबरदारी गर्ने पहल गरेका थियौं । नागरिकको आवाज, सामूहिक दबाब र सार्वजनिक बहसको प्रभावस्वरूप हालका लागि हुप्रचौरमा प्रस्तावित स्थायी संरचना निर्माणको काम रोकिएको खबर सकारात्मक संकेतका रूपमा लिन सकिन्छ । यसले जनचासोका विषयमा नागरिकको सक्रियता, खबरदारी र सामूहिक पहलले परिणाम दिन सक्छ भन्ने सन्देश दिएको छ । हाम्रो स्पष्ट धारणा विकास रोक्ने होइन, विकासलाई सही दिशामा लैजाने हो । हुप्रचौर जस्तो खुला क्षेत्रको मौलिक स्वरूप नबिगार्ने गरी आवश्यकता अनुसार अस्थायी तथा व्यवस्थापकीय प्रकृतिका सुविधा वा संरचनाहरू निर्माण गरिनु आपत्तिजनक विषय होइन; तर स्थायी कंक्रिट संरचनामार्फत खुला क्षेत्रको चरित्र नै परिवर्तन गर्ने प्रयास भने दीर्घकालीन रूपमा उपयुक्त हुँदैन । त्यसैले अबको बहस केवल संरचना बनाउने वा नबनाउनेमा सीमित नरही, हुप्रचौरलाई कसरी अझ व्यवस्थित, हरियालीयुक्त, उपयोगी र नागरिकमैत्री सार्वजनिकस्थलका रूपमा विकास गर्ने भन्ने दिशामा केन्द्रित हुन आवश्यक छ ।

# विश्व मिडियाका बादशाह जसले दिलाए 'सीएनएन इफेक्ट'

सन् २०२१ मा टिभी होस्ट ल्यारी किङको निधन हुँदा टेड टर्नरले भावुक हुँदै भनेका थिए, 'यदि कसैले मलाई जीवनमा मेरो सबैभन्दा ठूलो करिअरका उपलब्धिहरू के के हुन् भनेर सोध्यो भने, मेरो उत्तर हुनेछ, एउटा सीएनएन स्थापना र अर्को ल्यारी किङलाई सीएनएनमा काममा राख्नु ।' तिनै टेड टर्नरको बुधबार ६ मे २०२६ मा अमेरिकाको फ्लोरिडामा ८७ वर्षको उमेरमा निधन भयो । टेड टर्नरले साँच्चै लेजेन्डरी लाइफ बाँचे, भन्नुपर्दा लार्जर देन लाइफ । उनले सधैं ठूलो स्केलमा सोचे, ठूलै जोखिम मोले र विश्व सञ्चारमाध्यममा सीएनएन इफेक्ट छोडेर गए ।

यो अबिच्युरी लेख्न मलाई टेड टर्नरको सीएनएन इफेक्टले इन्फ्लुएन्स गर्‍यो । मैले टेलिभिजन पत्रकारितालाई एउटा जब मात्र ठानिनँ, यसलाई जीवनको एउटा अनिवार्य हिस्साकै रूपमा आत्मसात् गरें । तर पत्रकारिताको गहिराइ र मिडिया अध्ययनको उत्तरार्धमा मैले बुझें- एमटीभी कल्चर र सीएनएन इफेक्टले त संसारको टेलिभिजन ग्रामर नै परिवर्तन गरिदिएका रहेछन् । ऐतिहासिक परिप्रेक्ष्यमा हेरौं भने सन् १९८० भन्दा अघिको विश्व एउटा सूचनाको 'ब्ल्याक होल' जस्तै थियो । विश्वको अर्को कुनामा के भइरहेको छ भन्ने जान्न कि त भोलिपल्टको छापा अखबार पर्खिनुपर्थ्यो कि त राज्य नियन्त्रित सञ्चारमाध्यमले पस्किने 'फिल्टर्ड' सूचनामा चित्त बुझाउनुपर्थ्यो ।

तर टेड टर्नरले सीएनएन मार्फत २४ घण्टे लाइभ समाचारको युग शुरु गरे, त्यसैले सूचनाको पारिस्थितिक प्रणालीमा क्रान्ति ल्याइदियो । प्राध्यापक पियर्स रोबिन्सनले आफ्नो पुस्तक द सीएनएन इफेक्टः द मिथ अफ न्यूज, फरेन पोलिसी एन्ड इन्टरभेन्सन मा यसैलाई एउटा निर्णायक शक्तिका रूपमा परिभाषित गरेका छन् । मेरो दृष्टिमा २०औं शताब्दीको अन्त्यतिर भूराजनीति र सञ्चार जगतको अन्तरसम्बन्धलाई नयाँ मानक प्रदान गर्ने सबैभन्दा शक्तिशाली ग्लोबल फेनोमेनन नै यही सीएनएन इफेक्ट हो । यसको अर्को पाटोलाई पब्लिक इन्टलेक्च्युअल नोम चोम्स्कीको नजरबाट हेरौं । चोम्स्कीका अनुसार परम्परागत रूपमा सत्ता र सञ्चार गृह बीच एउटा यस्तो अघोषित सामीप्य हुन्थ्यो, जसले आम मानिसको सोच्ने र बुझ्ने दायरा पहिले नै निर्धारित गरिदिन्थ्यो । राज्यले आफ्नो स्वार्थ अनुकूलको सूचना मात्र प्रवाह गर्थ्यो, चोम्स्कीले यसैलाई




म्यानुफ्याक्चरिङ कन्सेन्ट (सहमतिको निर्माण) भनेका छन् ।

तर, सन् १९८० मा टेड टर्नरले सीएनएनको स्थापना गरेपछि सञ्चारको यो रुल अफ गेम परिवर्तन भयो । २४ घण्टाको रियल टाइम प्रसारणले राज्यको औपचारिक विज्ञप्तिभन्दा धेरै छिटो घटनास्थलको लाइभ टेलिकास्ट संसारको बैठक कोठासम्म पुर्‍याउन थाल्यो । यसले सूचनामाथिको राज्यको मनोपोली मात्र तोडेन, सरकारी दाबीहरूको विश्वसनीयतामाथि पनि प्रश्न उठाइदियो । जब सत्ताले अल इज वेल भनिरहन्थ्यो, टेलिभिजनको पर्दामा देखिने युद्धका विस्फोट र मानवीय संवेदनाका दृश्यहरूले फरक कथा भन्थे ।

एउटा उदाहरण हेरौं, सन् १९८१ मा वासिङ्टनस्थित हिल्टन होटल बाहिर अमेरिकी राष्ट्रपति रोनाल्ड रेगनमाथि गोली प्रहार भयो । स्थापनाको एक वर्ष मात्रै पुगेको सीएनएनले यो घटनालाई कुनै सम्पादन नगरी, विना फिल्टर, सम्पादन नगरिएका दृश्य चौबिसै घण्टा निरन्तर प्रसारण गर्‍यो । अस्पतालको गेटदेखि ह्वाइट हाउसको कोरिडोरसम्मका हरेक हलचललाई प्रत्यक्ष देखाएर सीएनएनले दर्शकलाई घटनाको प्रत्यक्ष साक्षी बनाइदियो । सीएनएनको प्रभावकारिताको बेन्चमार्क चाहिं सन् १९९१ को खाडी युद्ध बन्यो । ९ जनवरी १९९१ मा जेनेभामा भएको एउटा घटनालाई हेरौं । राष्ट्रपति जर्ज एच.डब्लु.बुश प्रशासनका विदेशमन्त्री तारिक अजिजसँगको भेटपछि कुनै कूटनीतिक घुमाउरो भाषा प्रयोग नगरी सिधै भने "इराकले कुवेतबाट आफ्ना सेना विना शर्त तुरुन्तै फिर्ता लैजानुपर्छ ।"

यस घटनाको सबैभन्दा रोचक पक्ष यसको प्रसारण शैली थियो । बेकरले यो सन्देश सीएनएनको क्यामेरा अगाडि प्रत्यक्ष रूपमा दिएका थिए । फलस्वरुप, सद्दाम हुसेनसम्म यो अल्टिमेटम आधिकारिक डिप्लोम्याटिक जोट भन्दा पहिले टेलिभिजनको पर्दामार्फत पुग्यो । सद्दाम हुसेनले उक्त चेतावनीलाई अस्वीकार गरेपछि १६ जनवरी १९९१ म अमेरिकी नेतृत्वमा अपरेशन डेजर्ट स्टर्म शुरु भयो । मानव इतिहासमा यो यस्तो पहिलो युद्ध थियो, जसलाई संसारभरका मानिसहरूले आफ्नो बैठक कोठामा बसेर कुनै एक्सन मुभी हेरे झैं प्रत्यक्ष टेलिभिजनबाट हेरिरहेका थिए ।

सीएनएनका पत्रकारहरूले होटलको झ्यालबाटै त्यस विस्फोटक दृश्यको प्रत्यक्ष प्रसारण गरे । यो युद्ध रेडियोको आवाज वा अखबारको पानामा मात्र सीमित रहेन । करोडौं मानिसले बगदादमाथि खसिरहेको बमहरू र एन्टी एयरक्राफ्ट गन आफ्नै आँखाले प्रत्यक्ष देखे । यसले युद्ध रिपोर्टिङको परिभाषा मात्र बदलिदिएन, मिडियालाई घटनाको दर्शकबाट उठाएर इतिहासको एउटा निर्णायक साक्षीको रूपमा स्थापित गरिदियो । यही भिज्युअल इफेक्टले गर्दा टर्नर एक साधारण व्यवसायीबाट विश्वकै प्रभावशाली व्यक्तित्व बने । प्रतिष्ठित टाइम म्यागजिनले उनलाई सन् १९९१ को म्यान अफ द इयर घोषणा गर्दै लेख्यो- "टर्नरले १५० भन्दा बढी देशका अर्बौं मानिसलाई इतिहास बनिरहेकै क्षणको प्रत्यक्ष साक्षी बनाइदिए ।"

टर्नरले सन् १९८० मा सीएनएन स्थापना गर्दा उनले आफ्नो टिमलाई भनेका थिए- "संसारको अन्त्य नभएसम्म हामी समाचार प्रसारण गरिरहने छौं ।" भविष्यको सम्भावित अन्त्यलाई समेत ध्यानमा राखेर उनले केही तयारी गरेका थिए । त्यसका लागि सैन्य ब्यान्डले राष्ट्रगान बजाइरहेको भिडियो पहिले नै रेकर्ड गरेर सुरक्षित राख्न लगाएका थिए । सीएनएनको आर्काइभमा लामो समय 'डुम्स डे भिडियो' को रूपमा सुरक्षित राखिएको थियो । अर्को प्रसंगमा, क्युबाका कम्युनिस्ट नेता फिडेल क्यास्ट्रोसँगको उनको मित्रता । सन् १९८२ मा टर्नर पहिलो पटक फिडेल क्यास्ट्रो भेट्न क्युबा पुगे । त्यो भेट आइकनिक थियो । उनीहरूले सँगै समय बिताए, सिगार पिए, बेसबल हेरे, डक हन्टिङमा गए, विद्यालय भ्रमण गरे, राजनीतिक र विश्व घटनाबारे गहिरो छलफल गरे, र साँझपख नाइट क्लबसम्म पनि पुगे । क्युबाली नेता क्यास्ट्रो सीएनएनका निकै ठूला प्रशंसक थिए ।

उनले टर्नरलाई सुझाव दिंदै सीएनएन एउटा असाधारण उपलब्धि हो, यसलाई अमेरिकाको सीमाभित्र मात्र सीमित नराख्नुस्, विश्वभर फैलाउनुस् भनेका थिए । क्यास्ट्रोको यो सल्लाहलाई आत्मसात् गर्दै भ्रमणलगत्तै टर्नरले सीएनएनलाई अन्तर्राष्ट्रिय सञ्जालमा रूपान्तरण गर्ने अभियान शुरु गरे । फलस्वरुप, केही महिनामै सीएनएन एशिया पुग्यो र सन् १९८५ सम्ममा युरोप हुँदै यो विश्वव्यापी नेटवर्कमा विस्तार भयो । टर्नरले पछि ठट्टा गर्दै भनेका थिए, यदि फिडेललाई सीएनएन चाहिन्छ भने पूँजीवादीहरूलाई त झन् यो नभई हुँदैन । पछि टर्नरले क्यास्ट्रोसँग सीएनएनका लागि अन्तर्वार्ता पनि लिए । तर त्यो अन्तर्वार्ता अपेक्षित रूपमा प्रभावकारी नभएको मानियो र धेरैले यसलाई केही हदसम्म नीरस प्रसारणको रूपमा सम्झिन्छन् ।

वर्षौंदेखि टेड टर्नरको परिचय उनको व्यावसायिक सफलतामा मात्र सीमित रहेन, उनी आफ्नो तिखो, विवादास्पद र कहिलेकाहीं सीमा नाघ्ने अभिव्यक्तिहरूका कारण सधैं चर्चाको केन्द्रमा रहे । यिनै स्वभावका कारण उनलाई सञ्चार जगतमा 'द माउथ अफ साउथ' भनेर चिनिन्थ्यो । ब्राउन विश्वविद्यालयमा अध्ययनका क्रममा छात्रावासमा प्रेमिकासँग बस्न थालेपछि उनलाई निष्कासन गरिएको थियो । धर्म र जातबारे उनका केही कडा टिप्पणीहरूले पनि पटक-पटक विवाद जन्माए, जसका लागि उनले माफी माग्नु परेको थियो ।

टेड टर्नरको ट्रजेक्टरी कुनै फिल्मी स्क्रिप्ट भन्दा कम छैन । उनले बाँकी पृष्ठ ३ मा...

# शिक्षकका लागि अभिप्रेरणा तथा नवप्रवर्तन सिकाइ कार्यशाला



*कार्यशालामा सहभागी शिक्षकहरु ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा-१८, दोभानचौर स्थित कमला आधारभूत विद्यालयमा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले 'शिक्षक अभिप्रेरणा तथा नवप्रवर्तन सिकाइ कार्यशाला' सम्पन्न भएको छ । विद्यालयको आयोजनामा शुक्रबार एक दिवसीय कार्यक्रम भएको विद्यालयका प्रधानाध्यापक गोविन्द उप्रेतीले जानकारी दिनुभयो ।

कार्यशालामा शैक्षिक सत्र २०८३ का लागि नयाँ कार्ययोजना निर्माण र त्यसको कार्यान्वयनको खाका प्रस्तुत गरिएको थियो । सहभागी शिक्षकहरूबीच शैक्षिक योजना, पाठ योजना, गत शैक्षिक सत्रको क्रियाकलापको समीक्षा, विषयगत जिम्मेवारी र अभिलेखीकरण लगायतका विषयमा विस्तृत छलफल भएको प्रधानाध्यापक उप्रेतीले बताउनुभयो। प्रधानाध्यापक उप्रेतीले शिक्षकहरूलाई प्रविधिमैत्री शिक्षणतर्फ आकर्षित गर्न 'सिकाइ चौतारी' एपको प्रयोग र कृत्रिम बुद्धिमता (एआई) प्रयोगबारे सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा शिक्षकहरूलाई आफ्नो पेसाप्रति थप जिम्मेवार, जवाफदेही र आदर्श शिक्षक बन्न प्रेरित गरिएको उहाँको भनाइ छ ।

शिक्षकहरूको मनोबल उच्च राख्न विद्यालयले प्रोत्साहनका कार्यक्रमहरूलाई यस वर्ष पनि निरन्तरता दिने भएको छ । प्रधानाध्यापक उप्रेतीका अनुसार विषयगत जिम्मेवारी राम्रोसँग पूरा गर्ने, फुर्सदको समयमा अन्य खाली कक्षामा पठनपाठन गराउने र बिदा बचत गर्ने शिक्षकहरूलाई विद्यालयले वर्षेनी प्रदान गर्दै आएको प्रोत्साहन पुरस्कार यस वर्ष पनि प्रदान गरिनेछ । हाल १७ जना शिक्षक कार्यरत विद्यालयमा नयाँ शैक्षिक सत्रका लागि हालसम्म ५० जना नयाँ विद्यार्थी भर्ना भएका छन् । गत शैक्षिकमा ३३३ जना विद्यार्थीले अध्ययन गरेको विद्यालयमा चालु शैक्षिक सत्रमा विद्यार्थी भर्ना हुने क्रम अझै जारी रहेको प्रधानाध्यापक उप्रेतीले बताउनुभयो ।

# कमानेमा वाद्यवादन तालिम

समाज संवाददाता

हेटौँडा: हेटौँडा उपमहानगर पालिका ८ नम्बर वडा कार्यालयको आयोजनामा १५ दिने वाद्यवादन तालिम भइरहेको छ । वडाभित्रका २० जना सहभागी रहेको तालिम सोमबारदेखि सुरु भएको हो ।

१८ वर्षभन्दा माथिका उमेर समूहका महिलाहरु लक्षित तालिममा वडामा एकादशी भजन मण्डलीमा सक्रिय तथा वाद्यवादनमा इच्छुक महिलाहरु सहभागी रहेको वडाअध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो । तालिममा मादल, गिटार, पियानो र ड्रमसेट सिकाइरहेको समेत वडा अध्यक्ष थापाले जानकारी दिनुभयो ।

यसअघि ३ वर्षदेखि निरन्तर वाद्यवादनको सामग्रीहरु यी समूहहरुलाई प्रदान गर्दै आइरहेकोमा यसवर्ष पनि स्थानीय वाद्यवादन सामग्री सेन्टरका वाद्यबादकहरुद्वारा तालिम प्रदान गरिरहेको थापाले जानकारी दिनुभयो। यसअघि वडा कार्यालयले मादल, झ्याली, हार्मोनियम, तबला, खैंजडी जस्ता सामग्रीहरु ५ वटा टोलहरुका भजन मण्डलीहरुलाई प्रदान गर्दै आएकोमा यी भजन समूहहरु समेत समावेश हुने गरी अन्य वाद्यबादनमा चासो राख्ने तथा सिप विकास गर्न चाहने महिलाहरुलाई तालिममा सहभागी गराइएको वडा कार्यालयले जनाएको छ।

वडा कार्यालयले डेढ लाख खर्च गरी सञ्चालन गरेको यो तालिमले वाद्यवादनको सिप प्रयोग गरी व्यवसायी बन्न समेत सहज गराउने वडाअध्यक्ष थापाले दावी गर्नुभएको छ ।

## *विश्व मिडियाका...*

आफ्नो सम्पत्ति, प्रतिष्ठा र भविष्यलाई नै दाउमा राखेर सीएनएनको जग बसालेका थिए । त्यतिबेला स्थापित मिडियाका हस्तीहरूले उनको यो सपनालाई असम्भव ठाने। कसैले सीएनएनलाई व्यङ्ग्य गर्दै चिकेन नुडल न्युज भने त कसैले २४ घण्टा समाचार मात्रै दिने च्यानल कहिल्यै टिक्न नसक्ने दाबी गरे ।

तर टर्नर डगमगाएनन् । उनीसँग एउटा स्पष्ट भिजन थियो । संसार बदलिंदैछ र समाचार सम्प्रेषणको शैली पनि बदलिनै पर्छ। उनको यो यात्रा एउटा तीव्र गतिको रोलर कोस्टर जस्तै रह्यो । कहिले सफलताको शिखर त कहिले संघर्ष र एक्लोपनको गहिराइ। सन् १९९६ मा टर्नरले आफ्नो विशाल मिडिया साम्राज्य सीएनएन र टिएनटी सहितका च्यानलहरूको ठूलो सेयर टाइम वार्नरलाई करिब ७.५ अर्ब डलरमा बेच्ने निर्णय गरे । सन् १९९० को दशकमा टाइम वार्नर विश्वकै सबैभन्दा शक्तिशाली मिडिया कंग्लोमेरेट मध्ये एक थियो । टर्नरको विश्वास थियो यो सम्झौताले उनको मिडिया महत्वाकांक्षालाई अझ व्यापक बनाउनेछ र वैश्विक सञ्चार जगतमा उनको भूमिका अझ निर्णायक हुनेछ । तर वास्तविकता उनको अपेक्षाभन्दा बिल्कुलै फरक रह्यो । यसको मूल कारण दुई तहमा देखिन्छ ।

पहिलो, टाइम वार्नरको जटिल कर्पोरेट संस्कृति। टर्नर जस्तो विद्रोही, भिजनरी र स्वतन्त्र सोच भएका मिडिया उद्यमीका लागि त्यो संरचना स्वाभाविक प्रक्रियामार्फत अघि बढ्न थालेपछि उनको प्रत्यक्ष प्रभाव क्रमशः कमजोर हुँदै गयो । एक समयका निर्णायक शक्ति भएका टर्नर विस्तारै बोर्ड रुमका एक औपचारिक सदस्यमा सीमित हुनपुगे। टर्नरले आफ्नो सपनालाई टाइम वार्नरसँग मिसाएर स्केल त बढाउन खोजे तर उनले आफ्नो भ्वाइस गुमाए ।

दोस्रो, फक्स न्युजको उदय । त्यो बेला बेलायतको सबैभन्दा बढी बिक्री हुने ट्याबलोइड पत्रिका द सन सँगै द टाइम्स र द सन्डे टाइम्स, हङकङस्थित स्टार टीभीको मालिक रुपर्ट मर्डोकले शुरु गरेका थिए फक्स न्युज । मर्डोकले सीएनएनलाई लिबरल एलिटको संस्था भनेर आलोचना गर्दै आए । मर्डोकले टेलिभिजन पत्रकारितामा एउटा नयाँ शैली जन्माए- एङ्कर वारियर । यो मोडेलमा मर्डोकले सूचनाको एक्युरेसीलाई एक्साइटमेन्टसँग साटेर व्यावसायिक सफलता हासिल गरे ।

आजको पोस्ट ट्रुथ युगमा हामीले भोगिरहेको मिडिया वास्तवमा टर्नरको विटनेस जर्नालिज्मको अवसान र मर्डोकको न्यारेटिभ बिल्डिङको विस्तार मात्र हो । यही मर्डोकीय मोडेल आज दक्षिण एशियाली मिडियामा आक्रोशको व्यापार (बिजनेश अफ आउटरेज) बनेर फैलिएको छ । भारतीय न्युज च्यानलहरूमा अर्नव गोस्वामीले शुरु गरेको स्टुडियो ट्रायल र हाई डेसिबल बहस यसैको चरमोत्कर्ष हो, जहाँ सत्यको खोजीभन्दा ठूलो स्वरको जीत हुन्छ।

नेपालमा पनि केही च्यानलहरूले कतिपय अवस्थामा यही सेन्सेसनलिज्म र एग्रेसिभ एङ्करिङको बाटोबाट न्युज च्यानलहरू बनेर छिरेका हुन् । सन् २००८ मा आएको टर्नरको आत्मकथा कल मी टेडमा आफ्नो कम्पनी टाइम वार्नरलाई बेचेको प्रसङ्ग निकै मार्मिक तरिकामा लेखेका छन् । आफ्नो पिताको आत्महत्यापछिको कठिन समय, सीएनएनको जन्म र विशेषगरी टाइम वार्नरसँगको ब्याड मर्जरको बारेमा उनले चर्चा गरेका छन् ।

उनले सीएनएनमाथिको नियन्त्रण गुमाउनुलाई आफ्नो जीवनको सबैभन्दा ठूलो गल्तीका रूपमा यसैमा स्वीकार गरेका छन् । सन् १९९१ मा गल्फ वारको समयमा सीएनएन कसरी विश्वकै नम्बर एक ब्रान्ड बन्यो र कसरी केही वर्षमै मर्डोक र रोजर एल्सको फक्स न्यूजले त्यसलाई रेटिङमा पछि पारिदियो भन्ने कुराको इनसाइड स्टोरी पनि यसमा छ । मिडियाको पर्दाबाट ओझेल परेपछि टर्नरले आफ्नो बाँकी जीवन समाजसेवामा लगाए । उनले संयुक्त राष्ट्रसंघलाई एक अर्ब डलर दान दिए र वातावरण जोगाउने काममा लागे । उनले पैसा त धेरै कमाए, तर आफ्नो हातले बनाएको संस्था आफैंले चलाउन नपाउनुको पीडा भने उनले सधैं महसुस गरिरहे ।

मिडिया जगत विशेषगरी टेलिभिजन पत्रकारिता टेड टर्नर र उनको सिग्नेचर ब्रान्ड सीएनएनको योगदान कहिल्यै बिर्सन सक्दैन । उनको निधनसँगै विश्वभर नै २४ घण्टा समाचार प्रसारण गर्ने पद्दति र आधुनिक पत्रकारिताको आधार स्तम्भ निर्माण गर्ने उनको असाधारण दृष्टिलाई सम्मानका साथ स्मरण गरिएको छ । मेरो टेलिभिजन पत्रकारिताको सुरुआती दिनमा पनि सीएनएनको प्रभाव निकै गहिरो छ। मिडियाको कार्यशैली बुझ्न र विश्व समाचारप्रतिको मेरो दृष्टिकोणलाई फराकिलो बनाउन यस संस्थाको पनि ठूलो योगदान छ । विश्व राजनीति र मिडियाको सीएनएन इफेक्टको चर्चा गरिन्छ त्यो वास्तवमा टर्नरकै दूरदर्शी सोचको प्रत्यक्ष परिणाम हो । आज टेडलाई एक सफल मिडिया उद्यमीका रूपमा मात्र होइन बरु विश्वव्यापी टेलिभिजन पत्रकारिताको स्वरुप र चरित्र नै बदल्ने एउटा चेन्जमेकरका रूपमा सधैं सम्झिइनेछ। उनको लिगेसी आधुनिक मिडिया जगतमा पनि सधैं जीवित रहनेछ।

*स्रोत : अनलाइनखबर*

# आज निःशुल्क स्वास्थ्य शिविर

समाज संवाददाता

हेटौँडा: मकवानपुरको बागमती गाउँपालिकामा अपाङ्गता भएकाहरुका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुँदैछ । आज आइतबार बागमती-४, झुरझुरेस्थित सामुदायिक आँखा केन्द्रमा शिविर सञ्चालन हुने बागमती गाउँपालिकाको जनस्वास्थ्य अधिकृत योगेश घलानले जानकारी दिनुभयो ।

जनस्वास्थ्य अधिकृत घलानका अनुसार गाउँपालिकामा रहेका अपाङ्गता भएका व्यक्तिहरुको शिविरमा स्वास्थ्य जाँच गर्नुका साथै निःशुल्क औषधि वितरण गरिनेछ । गाउँपालिकाको आर्थिक सहयोग तथा मकवानपुर अपाङ्ग उत्थान समाजको आयोजनामा शिविर सञ्चालन हुनेछ ।

# हेटौँडामा ट्र्याम्फ मोटरसाइकल

समाज संवाददाता

हेटौँडा: हेटौँडामा ट्र्याम्फ मोटरसाइकल शोरुम सञ्चालनमा आएको छ । शोरुमका सञ्चालक रवि कँडेलले शनिबार पत्रकार सम्मेलन गरेर शोरुम तथा मोटरसाइकलका बारेमा जानकारी गराउनुभयो ।

आज आइतबार विधिवत रुपमा शोरुमको उद्घाटन गरिनेछ। शोरुम हेटौँडा-११, थानाभन्ज्याङस्थित पूर्वपश्चिम राजमार्ग सडकखण्डमा सञ्चानल हुनेछ। सञ्चालक रविका अनुसार ट्र्याम्फ मोटरसाइकलका ३ वटा भेरियन्टहरु नेपाली बजारमा आएका छन् ।

मोटरसाइकल उत्पादन गर्ने ब्रिटिस कम्पनी भए पनि भारतमा बजाज कम्पनीसँग मिलेर उत्पादनहरु गर्दै आएको शोरुमका सञ्चालक रवि कँडेलले बताउनुभयो । नेपालको काठमाडौं, चितवन र विराटनगरलगायतका ठाउँमा मात्र पाइने ट्र्याम्फ मोटर साइकल अबदेखि हेटौँडाबाट पनि बिक्री हुने भएको छ ।

# बेवारिसे पुरुषको मृत्यु

समाज संवाददाता

हेटौँडा : काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेल नगरपालिका-४, बाँसघारीस्थित हाल सञ्चालनमा नरहेको ककोसिया क्याफेभित्र एक बेवारिसे अवस्थामा फेला परेका पुरुषको मृत्यु भएको छ । शुक्रबार दिउँसो १२ बजेर २० मिनेटको समयमा अन्दाजी ५५ वर्षीय पुरुष कोठाभित्र सुतिरहेको अवस्थामा भेटिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

मृतकको परिचय खुल्न नसकेको प्रहरीले जनाएको छ । प्रहरी टोलीले उद्दार गरी उनलाई धुलिखेल अस्पताल पठाएको थियो । अस्पताल पुऱ्याउँदा उनी बोल्न नसक्ने र गम्भीर अवस्थामा रहेका थिए । अस्पतालले दिउँसो १ बजेर ३० मिनेटको समयमा उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

# त्रिशूलीमा बेपत्ता भएका चेपाङ मृत फेला

समाज संवाददाता

हेटौँडा : धादिङ जिल्लाको सिद्धलेक गाउँपालिका-४, बडरेखोलास्थित त्रिशूली नदीमा पौडी खेल्ने क्रममा बेपत्ता भएका पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा बेनिघाट रोराङ गाउँपालिका-६, स्यादुलका ४२ वर्षीय राम कुमार चेपाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ।

चेपाङ मंगलबार बिहान ११ बजेको समयमा आफ्ना छोराहरू २५ वर्षीय सुकराम चेपाङ, १५ वर्षीय कमल चेपाङ तथा राप्ती नगरपालिका-१३ निवासी १५ वर्षीय सन्त कुमालसहित माछा मार्न बडरेखोला पुगेका थिए। सो क्रममा गर्मी भएपछि पौडी खेल्न नदीमा पसेका रामकुमारलाई त्रिशूली नदीले बगाएर बेपत्ता भएका थिए । उनलाई खोजी गर्दै जाँदा शुक्रबार साँझ ५ बजेर १५ मिनेटको समयमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ ।

# साइकल दुर्घटनामा २ बालक गम्भीर घाइते

समाज संवाददाता

हेटौँडा : मकवानपुरगढी गाउँपालिका-५, सोलिथुममा साइकल अनियन्त्रित भई ढुंगामा ठोक्किँदा तीन जना बालक घाइते भएका छन्। शुक्रबार साँझ ७ बजेर ४० मिनेटको समयमा सोलिथुमबाट ज्यामिरेतर्फ आउने क्रममा भित्री सडक खण्डको ओरालोमा साइकल अनियन्त्रित भई ढुंगामा ठोकिएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

दुर्घटनामा साइकल चालक स्थानीय १२ वर्षीय आस्मित फुयाँल, पछाडि सवार १२ वर्षीय साजन दोङ र १४ वर्षीय विश्वास थिङ रहेका छन्। घाइते तीनै जनालाई उपचार का लागि हेटौँडा अस्पताल ल्याएकोमा आस्मित र साजनलाई थप उपचार का लागि चितवन मेडिकल कलेज रिफर गरिएको थियो । अवस्था गम्भिर भए पश्चात राती १० बजेको समयमा उनीलाई आईसियुमा र ाखिएको प्रहरीले जनाएको छ। घाइते विश्वासको हेटौँडा अस्पतालमा उपचार भइरहेको छ ।

## *आइतबारको बिदा ...*

समन्वय हुनुपर्ने बताए । सबै स्थानीय तहले एउटै नीति बनाउँदा कार्यान्वयनमा सहज हुने उनको भनाई छ । विद्यालय सञ्चालनको सवालमा कुनै पनि विद्यालयलाई कारबाही गर्ने निर्देशन आफूलाई प्राप्त नभएको प्रजिअ अधिकारीले बताए । 'हामी संघीय सरकारको नीतिसँग बाझिने गरी जाँदैनौं । तर स्थानीय आवश्यकताअनुसार कोर्स कसरी पूरा गर्ने भन्ने पाटोमा स्थानीय तहले नै अभिभावकत्व लिनुपर्छ। आइतबार बिदा दिँदा कोर्स नै नसकिने अवस्था भएमा त्यसको विकल्प स्थानीय सरकारले खोज्नुपर्छ ।' उनले भने ।

निजी व्यावसायिक प्रतिष्ठान र उद्योग कलकारखानाको हकमा भने सरकारले हालसम्म कुनै नयाँ निर्देशन नभएको उनको भनाई छ। अहिलेको दुई दिने बिदाको निर्णय मुख्यतः सरकारी कार्यालय र शिक्षण संस्थामा केन्द्रित रहेको र निजी क्षेत्रले आफ्नै आवश्यकताअनुसार निर्णय गरिरहेको उनले बताए ।

# कम्प्युटर विज्ञान समाजको प्रवोधीकरण कार्यशाला सम्पन्न



*कार्यशालामा सहभागी शिक्षकहरु ।*

समाज संवाददाता

हेटौँडा : मकवानपुर जिल्लाका कम्प्युटर विज्ञान अध्यापनरत शिक्षकहरूका लागि कम्प्युटर विज्ञान समाज मकवानपुरले एक दिवसीय कार्यशाला गोष्ठी आयोजना गरेको छ । दिनेश उप्रेतीको अध्यक्षतामा आयोजित कार्यक्रममा प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको प्रमुख आतिथ्य रहेको थियो ।

शनिबार सम्पन्न कार्यशालामा भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) का प्रधानाध्यापक सूर्यप्रसाद घिमिरेले कार्यक्रमले शिक्षकहरूका लागि विषयवस्तु अध्ययन, प्रश्न निर्माण र आन्तरिक तथा प्रयोगात्मक अंक निर्धारणसम्बन्धी सहजीकरण गर्नुभयो। पाठ्यक्रम विकास केन्द्रका विषयविज्ञ तथा प्रशिक्षकद्वय नवीनकृष्ण मास्के र विमल थापाले सहजीकरण गर्नुभएको कार्यशालामा २२ विद्यालयका ३० जना शिक्षकहरूको सहभागिता रहेको थियो ।

प्रशिक्षक मास्केले विद्यार्थीहरू शिक्षकभन्दा अघिअघि गइरहेको सन्दर्भमा शिक्षकहरूलाई चुनौति र अवसर दुबै रहेको बताउनुभयो । कार्यशालाको उद्घाटन समारोहका प्रमुख अतिथि विनोद सुवेदीले तालिमलाई अवसरको रूपमा लिँदै आफू समेत अनुशासित हुँदै सिकाउने अभियानमा कटिबद्ध भएर लाग्न बताउनुभयो। कार्यशालाको अध्यक्षता गर्नुभएका दिनेश उप्रेतीले शिक्षकहरूका लागि शैक्षिक सत्रको सुरूवातमै कम्प्युटर विज्ञान अध्यापनमा आइपर्ने समस्या पहिचान र समाधानका लागि सहजीकरण गर्नु नै मुख्य उद्देश्य रहेको बताउनुभयो ।

अन्य विषयगत कार्यशाला तथा तालिमहरू निरन्तर भइरहेको सन्दर्भमा कम्प्युटर विषयका तालिमहरू कम देखिएको तर अध्यापनरत शिक्षकहरूमध्ये युवाहरूको बाहुल्यता रहेकोले सिकाइका लागि आवश्यक ज्ञान र सिकाइहरूबारे कम्प्युटर विषयका शिक्षकहरू आआफ्नो बलबुँतामै पनि निरन्तर अद्यावधिक भइरहेको भुटनदेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक घिमिरेले बताउनुभयो । कार्यशालालाई सनराइज पब्लिकेसन प्रालिले प्रायोजन गरेको हो ।

# सोमबारदेखि सरकारी कार्यालयमा सरसफाइ अभियान

काठमाडौं : भोलि सोमबारदेखि सरकारी कार्यालयमा 'राष्ट्रिय सरसफाइ सप्ताह' सञ्चालन हुने भएको छ । सरकारले सोमबारदेखि जेठ १ सम्म संघ, प्रदेश र स्थानीय तहका सबै कार्यालयमा सरसफाइ सप्ताह सुरु गर्न थालेको हो ।

त्यसका लागि सरसफाइ सप्ताह सञ्चालनसम्बन्धी मार्गनिर्देशन २०८३ समेत जारी गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका शाखा अधिकृत सुवर्ण बज्राचार्यले जानकारी दिए । सबै सरकारी निकाय तथा शैक्षिक संस्थामा स्वच्छ, स्वस्थ र व्यवस्थित वातावरण कायम गर्न र सरसफाइसम्बन्धी आचारण विकास गर्न सरसफाइ सप्ताह सञ्चालन गर्न थालिएको उनले जानकारी दिए। सप्ताह सञ्चालन गर्न सबै संघ, प्रदेश र स्थानीय तहलाई पत्राचार गरिसकेको छ।

हेटौँडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौँडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

हेटौँडा उपमहानगर क्षेत्र भित्र सन्चालित तीनपाङ्ग्रे अटो मयुरी सम्बन्धमा अत्यन्तै जरुरी सूचना

हेटौँडा उपमहानगरपालिका भित्र सन्चालन हुने तीन पाङ्ग्रे विद्युतीय एवम् अटो मेकानिक्स साधनको संख्या एकिन गरी हेटौँडा उपमहानगरपालिकाको निर्णयानुसार २०७६/०९/०६ गतेदेखि लागु हुने गरी हरेक वर्ष स्टीकर टाँस गरी सन्चालन अनुमती दिए बमोजिम अटो मयुरी सन्चालन भइरहेको सर्वविदितै छ ।

हाल हेटौँडा उपमहानगरपालिका भित्र नियमानुसार स्टीकर लिई सन्चालनमा रहेका तीनपाङ्ग्रे सवारी साधनको संख्या २०३५ वटा भए तापनि विभिन्न गाउँपालिका तथा बाहिरी जिल्लाबाट नगर क्षेत्रमा ल्याई उपमहानगरपालिकाबाट अनुमती नलिई अत्याधिक संख्यामा सन्चालन भइरहेको हुँदा २०७६ साल भन्दा पछाडी दर्ता भएका तीनपाङ्ग्रे सवारी साधन सन्चालन गर्न निषेध गरिएको छ ।

तीनपाङ्ग्रे सवारी साधनको हकमा प्रचलित ऐन, कानून, एवम् नेपाल सरकारको नीति बमोजिम हेटौँडा उपमहानगरपालिकाले समग्र यातायात मजदुरहरुको हकहितलाई मध्ये नजर गरी आगामी दिनमा विद्युतीय सवारी साधन Ex-Change नै गर्न पर्ने भए नीति, नियम तर्जुमा गर्ने प्रक्रियामा रहेकोले पर्मिट (स्टीकर) नभएको सवारी साधन जिल्ला ट्राफिक प्रहरी एवम् नगर प्रहरीहरुको समन्वयमा अनुगमन गरी नियन्त्रणमा लिई कारवाहीको दायरामा ल्याइने छ ।

हालसम्म स्टीकर टाँस गरी व्यवस्थित गरिएको तीनपाङ्ग्रे सवारीसाधन बाहेक अन्य कुनै पनि सवारी साधन नगर क्षेत्र भित्र सन्चालन गर्न अनुमती यस कार्यालयबाट नदिएको हुँदा बजारमा तीनपाङ्ग्रे सवारी साधन बिक्री गर्ने भनिएको कम्पनीहरुले सम्बन्धित उपमहानगरपालिका, जिल्ला प्रशासन कार्यालय र ट्राफिक प्रहरी कार्यालयलाई समेत समन्वय र अनुमती नलिई अनुमती पाईन्छ भन्दै झुक्याउँदै हाल रातो नम्बर प्लेटको तीनपाङ्ग्रे सवारी साधन बिक्री गरी पछि भाडाको नम्बर प्लेट दिलाउँछौं भन्दै आइरहेको भन्ने सम्बन्धमा यातायात मजदुर संगठन हरुबाट यस हेटौँडा उपमहानगरपालिकालाई ध्यानाकर्षण समेत गरेकोले हाल त्यस्ता सवारी साधन कुनै कसैले पनि प्रलोभनमा परी खरिद नगर्नु हुन सबैलाई अनुरोध गरिएको छ । यदि कसैले यो सूचनालाई अटेर गरी खरिद गर्नु भएमा सम्बन्धित व्यक्ति वा संस्था नै स्वयम् जिम्मेवार हुने यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तीपाङ्ग्रे सवारी साधन व्यवस्थापन ईकाई
हेटौँडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
थानाभन्ज्याङ, हेटौँडा-११, मकवानपुर

भीम विराग सङ्गीत साहित्य कला प्रतिष्ठान नेपाल
हेटौँडा, नेपाल



निमन्त्रणा

यस प्रतिष्ठानबाट वार्षिक रुपमा प्रदान हुँदै आइरहेका विविध पुरस्कार समर्पण साथै प्रतिष्ठानको २३ औँ साधारणसभा तथा ८ औँ अधिवेशनमा यहाँको गौरवमय उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछौँ ।

रामकृष्ण बानियाँ लोक सङ्गीत पुरस्कार - श्री राजु परियार, चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार - श्री साहित्य सङ्गम मकवानपुर, शिला नारी पुरस्कार - श्री सङ्गीता थापा मगर, तुलसीमाया-शिवकुमारी सिर्जनशील नारी पुरस्कार - श्री रविना श्रेष्ठ, मङ्गलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार - श्री राजु गुरुङ, अजित सेन गुप्ता भिन्न क्षमता पुरस्कार - श्री अमिर बम्जन, भीम-मधुरा बाल पुरस्कार - श्री अक्सा खातुन, इन्द्रकुमार कोजु स्मृति पुरस्कार - श्री अप्सना उप्रेती

मितिः २०८३ वैशाख २७ गते समयः दिउँसो १:०० बजे स्थानः पल्पसा प्याराडाइज होम, हेटौँडा - २

प्रवर्धकः हेटौँडा उपमहानगरपालिका

# चित्लाङ एफसीलाई आठौं बागमती गोल्डकपको उपाधि



उपाधि साथ चित्लाङ एफसीको टिम ।

समाज संवाददाता

हेटौँडा : चित्लाङ एफसी, काठमाडौंले आठौं राष्ट्रिय बागमती गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। शनिबार सहिद स्मृति रंगशाला भुरभुरे खेलमैदानमा भएको फाइनलमा सर्लाहीको बागमती युथ क्लबलाई ४-० गोलअन्तरले हराउँदै चित्लाङले उपाधि हात पारेको हो ।

चित्लाङका लागि एरोन थापाले खेलको दोस्रो मिनेटमा, विदेशी खेलाडी सोलोमन किङले १७ औं र ४८ औं मिनेटमा गोल गरे । अर्को एक गोल समीर तामाङले खेलको ७७ औं मिनेटमा गरे । समीर प्लेयर अफ दि म्याच घोषित भए । विजेता चित्लाङले १० लाख रुपैयाँ प्राप्त गरेको छ भने उपविजेता बागमतीले ५ लाख रुपैयाँ प्राप्त गरेको छ । विजेता र उपविजेतालाई बागमती प्रदेश सभा सदस्य प्रेम बहादुर पुलामी, बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलान र प्रतियोगिताका संयोजक रहर सिंथिङ लगायतले पुरस्कार प्रदान गरे।

उपाधि विजेता चित्लाङ एफसीले पहिलो खेलमा एपीएफलाई हराउँदै क्वाटरफाइनल, मछिन्द्रलाई हराउँदै सेमीफाइनल र नवजनजागृति युवा क्लब सिमरालाई पराजित गर्दै फाइनल यात्रा तय गरेको थियो । उपविजेता बागमती युवा क्लबले भने पहिलो खेलमा आयोजक बागमती खेलकुद विकास समितिलाई हराउँदै क्वाटरफाइनल, चर्च ब्वाइज युनाइटेडलाई हराउँदै सेमीफाइनल र फ्रेन्ड्स क्लब काठमाडौंलाई हराउँदै फाइनल प्रवेश गरेको थियो ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी चित्लाङ एफसीका लक्ष्मण थापा घोषित भए । उनले १ लाख १ हजार रुपैयाँ प्राप्त गरे । यस्तै उत्कृष्ट गोलरक्षक चित्लाङका प्रिसो, उत्कृष्ट डिफेन्डर बागमतीका आयुष मगर, उत्कृष्ट मिडफिल्डर बागमतीकै अनिष महर्जन, उत्कृष्ट फरवार्ड चित्लाङका एरोन थापा र उत्कृष्ट प्रशिक्षक सुमन श्रेष्ठ घोषित भए। विधागत उत्कृष्ट सबैले जनही २५-२५ हजार रुपैयाँ प्राप्त गरे । बागमती गाउँपालिका मकवानपुरको प्रायोजनमा बागमती खेलकुद विकास समितिले प्रतियोगिता आयोजना गरेको हो ।

# नेपालको ऊर्जा जडित क्षमता पुग्यो ४२ सय ९६ मेगावाट

काठमाडौं : नेपालको कूल ऊर्जा जडित क्षमता ४ हजार २ सय ९६ मेगावाट पुगेको छ। नेपाल विद्युत् प्राधिकरण र निजी क्षेत्रका ऊर्जा उत्पादकहरूद्वारा उत्पादित विद्युत्का आधारमा उक्त क्षमता निर्धारण भएको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । परीक्षणमा रहेका आयोजना र वैकल्पिक ऊर्जाको स्रोतबाट उत्पादितबाहेक ४ हजार २ सय ९६ मेगावाट क्षमता निर्धारण भएको हो। चालु आर्थिक वर्षको अन्त्यसम्म कूल जडित क्षमता चार हजार ५ सय मेगावाटभन्दा माथि पुग्ने मन्त्रालयले प्रक्षेपण गरेको छ ।



हाल निर्माणको क्रममा तीन हजार मेगावाट क्षमताका आयोजना छन्, भने निर्माणमा जान तयारी अवस्थामा रहेका आयोजनाको क्षमता पनि समान रहेको मन्त्रालयले जनाएको छ। हालसम्म ६६ केभीभन्दा माथिका करिब ७ हजार ३ सय ६० सर्किट किलोमिटर प्रसारण लाइन निर्माण सम्पन्न भएको छ। यस्तै, १४ हजार ३ सय २३ एमभिए क्षमताको सबस्टेसन निर्माण सम्पन्न भएको मन्त्रालयले उल्लेख गरेको छ भने ३३ केभी क्षमताका करिब ८ हजार २ सय २५ सर्किट किलोमिटर प्रसारण लाइन तथा ३ हजार ३ सय ८ एमभीए क्षमताको सबस्टेसन निर्माण भएका छन् ।

सरकारको पहल र सक्रियता, नेपाल विद्युत् प्राधिकरणले सञ्चालन गरेको विशेष अभियानका कारण देशभरको विद्युत् चुहावट १२.५ प्रतिशतमा सीमित भएको प्राधिकरणले जनाएको छ । यस्तै प्राविधिक चुहावटलाई क्रमशः घटाउँदै लैजाने लक्ष्य राखिएको छ। सवस्टेसनको क्षमता विस्तार, प्रसारण लाइनको स्तरोन्नति तथा प्राविधिक उपाय अवलम्बन गर्दै चुहावट क्रमशः घटाइने मन्त्रालयले स्पष्ट पारेको छ। यसैगरी प्रतिव्यक्ति विद्युत् खपत ४ सय ५० किलोवाट घण्टा बराबर पुगेको छ। हालसम्म राष्ट्रिय विद्युत् प्रणाली र वैकल्पिक ऊर्जाको स्रोतबाट विद्युत्मा पहुँचमा पहुँच प्राप्त जनसङ्ख्या ९९ प्रतिशत बराबर पुगेको छ।

हालसम्म विद्युत् निर्यात २ हजार ९ सय १८ गिगावाट प्रतिघण्टा छ भने विद्युत् आयात करिब ५ सय ९० गिगावाट घण्टा भएको छ । हालसम्म सौर्य विद्युत् उत्पादन क्षमता ६२.७ मेगावाट बर ाबर पुगेको छ । लघु तथा साना जलविद्युत् आयोजनाबाट ५५.३ मेगावाट बराबर विद्युत् उत्पादन भएको छ । *-अनलाइनखबर/रासस*

# हेटौँडाका सागर र पुजा वीरगंजमा पक्राउ



*लागूऔषधसहित पक्राउ परेका सागर र पुजा ।*

समाज संवाददाता

हेटौँडा : लागूऔषध खैरो हेरोइन र सेतो हिरोईनसहित हेटौँडाका दुई जना वीरगन्जमा पक्राउ परेका छन् ।

प्रहरीले सुरक्षाजाँचको क्रममा शुक्रबार साँझ ५ बजेको समयमा पर्सा जिल्लाको वीरगंज महानगरपालिका-१६ स्थित भन्सार मेनगेटबाट उनीहरुलाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा हेटौँडा-११, सिमलटारका २० वर्षीय सागर घिमिरे र २३ वर्षीया पुजा जिम्बा रहेका छन् । उनीहरुको साथबाट ५ ग्राम खैरो हेरोइन र ०.३४ मिलिग्राम सेतो हिरोईन बरामद भएको प्रहरीले जनाएको छ। उनीहरु अटोमा भारतबाट नेपालतर्फ आइरहेको अवस्थामा पक्राउ परेका हुन् ।

# कानून दिवसको अवसरमा अन्तरक्रिया



समाज संवाददाता

हेटौँडा : कानून दिवसको अवसरमा 'कानूनको शासन र कल्याणकारी राज्य' विषय अन्तरक्रिया भएको छ । स्नातक तहमा कानून विषयको अध्यापन गराउन सुरु गरेको हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसको आयोजनामा शनिबार बिहान अन्तरक्रिया भएको हो ।

कार्यक्रममा सहभागीले विधिको शासन स्थापित हुनुपर्नेमा जोड दिए । राज्य बोलिको भरमा नभई कानूनको भरमा चल्नुपर्ने सहभागीको भनाइ थियो । कार्यक्रममा वरिष्ठ अधिवक्ता ईश्वर राज ढकालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दराम पराजुलीको सभाध्यक्षतामा भएको अन्तरक्रियामा बागमती विश्वविद्यालयका रजिष्ट्रार कुशुमराज सुवेदीको प्रमुख आतिथ्य रहेको थियो ।

कार्यक्रममा क्याम्पस प्रमुख देवचन्द्र मानन्धर, वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्ले, अधिवक्ता मुकुन्द अधिकारी लगायतको आतिथ्य रहेको थियो । हेटौँडा क्याम्पसमा स्नातक तह प्रथम वर्षमा कानून विषय अध्ययनरत विद्यार्थी पनि अन्तरक्रियामा सहभागी थिए ।

# कक्षा १२ को वार्षिक परीक्षा आज सकिँदै

समाज संवाददाता

हेटौँडा : कक्षा १२ को वार्षिक परीक्षा आज आइतबारबाट सकिँदैछ। मकवानपुर जिल्लामा १५ वटा परीक्षा केन्द्र निर्धारण गरिएकोमा थाहा नगरपालिकाको पालुङ बहुमुखी क्याम्पस र बकैया गाउँपालिकाको महेन्द्र मावि छतिवनसहित हेटौंडा उपमहानगरपालिकामा १३ वटा परीक्षा केन्द्रहरु सञ्चालन भएको थियो ।

मकवानपुरबाट कक्षा १२ को परीक्षामा सहभागी हुन ५ हजार २ सय ६९ जना विद्यार्थीले फारम भरेका थिए। कुलमध्ये नियमिततर्फ ३ हजार ८ सय २२ र आंशिकतर्फ १ हजार ४ सय ४७ जनाले परीक्षा फारम भरेका थिए। राष्ट्रिय परीक्षा बोर्डको हेटौँडा शाखा कार्यालयका प्रमुख बद्री बहादुर पाठकका अनुसार मकवानपुरसहित चितवन, बारा, पर्सा र रौतहट जिल्लामा १ सय २४ परीक्षा केन्द्र निर्धारण गरिएको थियो। साविक नारायणी अञ्चलका यी ५ जिल्लाबाट परीक्षामा सहभागी हुन ४० हजार ८०४ विद्यार्थीले परीक्षा फारम भरेका थिए। जसमा नियमिततर्फ ३१ हजार ७८४ र आंशिकतर्फ ९ हजार २० विद्यार्थी रहेका छन्। गएको वर्षको तुलनामा यस वर्ष विद्यार्थी संख्या घटेको राष्ट्रिय परीक्षा बोर्डको हेटौँडास्थित कार्यालयका प्रमुख बद्रीबहादुर पाठकले जानकारी दिनुभयो ।

१२ कक्षाको परीक्षामा देशभर का ५ हजार ३ सय ३९ विद्यालयबाट नियमिततर्फ ३ लाख ३२ हजार १ सय ७८ परीक्षा फारम भरेका थिए । जसमा छात्र १ लाख ७२ हजार १२, छात्रा १ लाख ६० हजार १ सय ३७ र अन्य २९ जना रहेका थिए। यस्तै आंशिकतर्फ ८५ हजार ८३० गरी ४ लाख १८ हजार ८ जना विद्यार्थीले परीक्षा फारम भरेका थिए। सबैभन्दा कम मनाङ जिल्लाबाट ३१ जना र सबैभन्दा बढी काठमाडौं जिल्लाबाट ६४ हजार ३ सय ३८ विद्यार्थीले परीक्षा फारम भरेका थिए ।

देशभर जम्मा १ हजार ४ सय २० र जापानमा १ समेत गरी कूल १ हजार ४ सय २१ परीक्षा केन्द्रहरू निर्धारण गरिएकोमा नेपालमा सबैभन्दा बढी काठमाडौं जिल्लामा १ सय ६१ वटा र सबैभन्दा कम मनाङ/मुस्ताङ जिल्लामा १/१ वटा परीक्षा केन्द्र निर्धारण गरिएको थियो ।

डँढेलो नियन्त्रण गरौं,
जीवन र वन जोगाऔं

राष्ट्रिय वनमा आगो लगाउन वा आगलागी हुन जाने कुनै कार्य गरेमा वा गराएमा वा सोको उद्योग गरेमा वन ऐन, २०७६ को दफा ५० को उपदफा ४ बमोजिम क्षति भएको बिगो असुल गरी ३ वर्षसम्म कैद वा ६० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ। तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्य नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ ।

डिभिजन वन कार्यालय
हेटौंडा, मकवानपुर

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
—थाईराईड
—क्यान्सर
—रक्तअल्पता
—वाथरोग
—बााझोपन
—भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जााचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७







